# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०७।२९ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

---

नगरकोट नगरपालिका ४,५,६ र ७ नं संयुक्त वडा कार्यालय, सुडाल, भक्तपुरका वडा सचिव माधव सुवेदीले वडा कार्यालयबाट सिफारिस दिंदा लिनुपर्ने राजश्व रकम आम्दानी रसिद नकाटी हिनामिना गरेको हुँदा छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले मिति २०७१/८/२५ देखी २०७२/१२/३० सम्ममा सिफारिस दिंदा रु.४,३२,२१०/-(चार लाख बत्तीस हजार दुई सय दस) राजश्व रकम बदनियतसाथ आम्दानी रसिदबाट नकाटि उक्त रकम आफैंले बुझी खाईमासी नेपाल सरकारलाई हानी नोक्सानी पुर्‍याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा निजलाई बिगो रु.४,३२,२१०/-(चार लाख बत्तीस हजार दुई सय दस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ बमोजिम जरिवाना र सोही दफा र उपदफाको देहाय (घ) बमोजिम कैद सजाय हुन साथै निजले सिफारिस दिंदा आम्दानी रसिद नकाटी हिनामिना गरेको रकमको हिसाब एवं दर्ता अभिलेख मिलाउन गलत लिखत तयार गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूर गरेकोले निजलाई ऐ.ऐनको दफा ९ बमोजिम थप सजाय हुन समेत मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी